२४ मे २०११ (२०६८ जेठ १० गते)

सम्माननीय प्रधानमन्त्री झलनाथ खनाल ज्यू

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय

सिंहदरवार

पोस्ट बक्सः २३३१२

काठमाडौं, नेपाल

विषयः नेपालमा दण्डहीनताको निरन्तरता

(फ्याक्स र इमेलद्वारा प्रेशित)

सम्माननीय प्रधानमन्त्री ज्यू,

नेपालमा लामो समयदेखि विद्यमान दण्डहीनतालाई पश्रय दिनेखालका हालसालैका केही घटनाका बारेमा चासो प्रकट गर्दै हामी तपाईँलाई एमनेस्टी इन्टरन्याशलन, हयुमन राइटस् वाच तथा इन्टरन्याशनल कमिशन अफ ज्युरिस्टसका तर्फबाट यो पत्र पठाइरहेका छौँ। नेपालमा दण्डहीनताका कारण मानव अधिकार हननका पीडितहरूले न्याय पाउनबाट वञ्चित भएका छन्। तथा फौजदारी न्यायप्रणालीको विश्वसनीयता र प्रभावकारितामा पनि ह्रास आइरहेको छ।

विशेषतः हामी हालै उपप्रधान मन्त्री तथा गृहमन्त्री कृष्ण बहादुर महराले सार्वजनिक रूपमा नेपाल सरकार हाल अदालतमा रहेका अर्जुन लामा र मैना सुनुवारको हत्याको लगायतका फौजदारी मुद्धाहरू, फिर्ता लिन तयार रहेको भनी गर्नु भएको टिप्पणीका बारेमा चिन्तित भएका छौँ। हामी अर्जुन लामाको हत्याको दोष लगाइएका कारण प्रहरी अनुसन्धानमा रहेकै बेला सूचना तथा सञ्चार मन्त्रीका रूपमा अग्नि सापकोटाको नियुक्ति भएको बारेमा पनि ध्यानाकर्षण गर्दछौँ।

*मुद्धा फिर्ता सम्बन्धमा।* २० मेका दिन मन्त्री महराले द्वन्द्वको समयका मुद्धाहरू अदातलबाट फिर्ता लिइनु पर्ने बताउनु भयो। उहाँले अर्जुन लामाको हत्यामा संलग्न मानिएका सापकोटा र मैना सुनुवारको हत्यामा संलग्न मानिएका नेपाली सेनाका मेजर निरञ्जन बस्नेतका मुद्धाहरू फिर्ता गरिनु पर्ने मध्येका भएका पनि बताउनु भयो। अक्टोबर २००८ मा सरकारले "राजनीतिक" प्रकृतिका भनेर ३४९ वटा मुद्धा फिर्ता गर्ने सिफारिस गरेको थियो, जसमा हत्या, बलात्कार र अन्य गम्भीर अपराधहरू पनि सामेल थिए। नेपालको राष्ट्रिय मानव अधिकार आयोगले मुद्धा फिर्ता गर्ने उक्त सिफारिसको भर्त्सना गरेको थियो र सर्वोच्च अदालतले मुद्धा फिर्ता गर्ने काममा अदालतले स्वतन्त्ररूपमा पुनरावलोकन गर्नुपर्ने आदेश दिएको थियो। फेब्रुअरी २०११ मा महान्यायाधिवक्ता युवराज सङ्ग्रौलाले बाँकी रहेका मुद्धाहरूलाई फिर्ता गर्ने काम रोकिने सार्वजनिक प्रतिवद्धता पनि व्यक्त गर्नु भएको थियो।

राजनितिक उद्देश्यले अभिप्रेरित मुद्धा फिर्ता गर्ने कार्य अन्तर्राष्ट्रिय कानूनको पालना गर्नु पर्ने सरकारी दायित्वको पनि बर्खिलाफ छ जसले गम्भीर मानव अधिकार हनन लगायतका अन्तर्राष्ट्रिय कानूनले अपराध मानेका मुद्धाहरूमा कानूनी वा व्यावहारिक क्षमादानलाई निषेध गर्दछ। कुनै खास अभियोजनमा पूर्वाग्रह र राजनीतिक अभिष्ट रहेको देखिएमा तिनको एक एक गरी पुनरावलोकन गर्न एउटा पारदर्शी र निष्पक्ष प्रक्रिया स्थापना गर्न आवश्यक छ।

*मन्त्री सापकोटाको नियुक्ति सम्बन्धमा।* अग्नि सापकोटा २००५ को अप्रिलमा काभ्रेपलाञ्चोक जिल्ला निवासी अर्जुन लामाको अपहरण र हत्यामा सलग्न मानिएका र प्रहरी अनुसन्धानका क्रममा रहेका छ जना मध्येका एकजना हुनुहुन्छ। एकीकृत नेपाल कम्युनिस्ट पार्टी – माओवादी (एनेकपा - माओवादी) को पोलिट ब्युरो सदस्य समेत रहेका सापकोटा प्रहरी अनुसन्धानका क्रममा रहेका बेला

मन्त्रीका रूपमा भएको निजको नियुक्तिले यस्ता गम्भीर आरोपहरूप्रति सरकारी बेवास्ताको गम्भीर सन्देश सम्प्रेषण हुन्छ र यसबाट दण्डहीनताको अपसंस्कृति अझ बलियो भएर जान्छ।

अगस्ट २००८ मा सर्वोच्च अदालतले उक्त मुद्दालाई थाती राखेर भविष्यमा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन भएपछि त्यसैले हेर्ने भन्ने तर्कलाई अस्वीकार गर्दै प्रहरीलाई सापकोटा लगायतका छ जना माओवादी कार्यकर्ताका विरुद्ध जाहेरी दर्ता गर्ने आदेश दियो। उक्त अभियोगको गम्भीरताकै कारण २६ जुन २०१० मा नेपालस्थित अमेरिकी दूतावासले सापकोटालाई “द्वन्द्वकालमा उहाँको व्यवहारसित सम्बन्धित मानव अधिकार हननको गम्भीर प्रकृतिको र निश्चित अभियोग” लागेका कारण प्रवेशाज्ञा जारी गर्न अस्वीकार गर्‍यो। सर्वोच्च अदालतको आदेश र सापकोटा विरुद्धका अभियोगहरूका बावजुद एनेकपा (माओवादी) ले सम्बन्धित अधिकारीलाई असहयोग गर्‍यो र सापकोटालाई गिरफ्तार हुनबाट जोगायो। पीडित पक्षबाट पैरवी गर्ने कानुन व्यवसाथीहरूले माओवादी कार्यकर्ताहरूबाट धम्कीको सामना पनि गर्नुपर्‍यो। एनेकपा (माओवादी) ले यो अनुसन्धानमा वाधा व्यवधान पुर्‍याउने प्रयत्न गर्नुको कुनै औचित्य पुष्टि गरेको छैन।

गैरन्यायिक तथा स्वेच्छाचारी हत्याको प्रभावकारी रोकथाम र अनुसन्धान सम्बन्धी राष्ट्रसंघीय सिद्धान्तहरू तथा यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको प्रभावकारी अनुसन्धान र अभिलेखीकरण सम्बन्धी राष्ट्रसंघीय सिद्धान्तहरूले यस किसिमका घटनाहरूमा संलग्न रहेको सम्भावना भएका व्यक्तिहरूलाई समेत प्रत्यक्ष परोक्ष रूपले शक्तिमा रहन वा पीडित व्यक्ति, साक्षी वा परिवारहरूलाई नियन्त्रण गर्नसक्ने स्थितिबाट हटाइनु पर्छ र स्वतन्त्र न्यायिक प्रक्रियाबाट त्यसलाई टुङ्गो लगाउनुपर्छ भन्ने कुरा उल्लेख गरेको छ। राष्ट्रसंघीय मानव अधिकार समितिले पनि यस सिद्धान्तलाई अनुमोदन गरेको छ। मन्त्री जस्ता वरिष्ट राजनीतिक अधिकारीहरू पीडित व्यक्ति परिवार र साक्षीहरूका सम्बन्धलाई प्रभावित पार्नसक्ने ठाउँमा हुन्छन्।

अग्नि सापकोटाको नियुक्ति यी सिद्धान्तहरूका प्रतिकूल देखिएको छ र यसले मानव अधिकार हननका विश्वसनीय आरोप लागेका व्यक्तिहरूले स्वतन्त्र र निष्पक्ष प्रक्रियाबाट सफाइ नपाउन्जेलसम्म कुनै पनि सरकारी शक्तिको पद ग्रहण गर्न नपाउन् भन्ने निश्चित आधारहरू तयार गर्न एउटा उपयुक्त रुजु गर्ने जाँच (भेटिङ) प्रणाली स्थापना गरिनुपर्ने आवश्यकतालाई पनि औँल्याएको छ।

*सङ्क्रमणकालीन न्यायिक निकायहरूको भूमिका।* केही सरकारी अधिकारी र राजनीतिक व्यक्तिहरूले द्वन्द्व सम्बद्ध उल्लङ्घनलाई फौजदारी न्याय प्रणालीबाट नभई सत्य निरूपण तथा मेलमिलाप आयोग जस्ता गैरन्यायिक निकायबाट मात्र हेरिनु पर्छ भन्ने विचार व्यक्त गरेका छन्। यसले यस किसिमका निकायहरूको भूमिकाका बारेमा रहेका अन्योहरूको मात्र चित्रण गर्छ। अहिले संसदमा विचाराधीन रहेको ऐनको मस्यौदाले प्रस्तावित आयोगका बारेमा स्पष्ट पार्दै उक्त आयोगमा कानूनी कारवाही गर्ने अधिकार नरहने र त्यसले फौजदारी कानूनको बर्खिलाफ गर्नेहरूको अनुसन्धान र सजाय गर्ने नेपालका न्यायिक निकायहरूको विकल्पका रूपमा काम गर्न नसक्ने उल्लेख गरेको छ।

अभियोजनलाई दीगो शान्ति स्थापना प्रक्रियाको बाधाका रूपमा हेरिनु हुन्न। अभियोजनले द्वन्द्वका बेला भएका अत्याचारका महत्वपूर्ण घटनाहरूलाई सम्बोधन गर्नुका अतिरिक्त व्यापक दण्डहीनतालाई सम्बोधन गर्नमा पनि मदत गर्छ। यी दुवै उद्देश्यहरूको प्राप्तिका लागि गम्भीर मानव अधिकार हननका घटना दोहरिन नदिन र विधिको शासनप्रतिको सम्मान गर्ने परम्परा बसाउने कुरा सुनिश्चित गर्न आवश्यक छन्, जसले नेपालको दिगो शान्तिको स्थापनालाई मद्दत गर्दछ।

हामी तपाईँलाई प्रहरी अनुसन्धान सुनिश्चित गर्न र मानव अधिकार हननका आपराधिक मुद्दाहरूलाई बिना राजनीतिक हस्तक्षेप अघि बढाउन आग्रह गर्दछौँ। मानव अधिकारको गम्भीर उलङ्घन भएका मुद्दाहरूलाई राजनीतिक कारणले छाडिनु हुन्न। हामी तपाईँसित सूचना तथा सञ्चार मन्त्रीका

रूपमाअग्नि सापकोटाको नियुक्तिलाई अर्जुन लामाको हत्याकाण्डमा रहेको उहाँको आरोपित संलग्नताका बारेमा प्रहरी अनुसन्धानबाट पेशागत र पारदर्शी ढङ्गले टुङ्गो नलागुन्जेलसम्मका लागि पुनर्विचार गर्न पनि आग्रह गर्दछौँ।

त्यसका अतिरिक्त हामी सरकारसित फेब्रुअरीमा मानव अधिकार आयोगको विश्वव्यावी आवधिक समीक्षाका क्रममा गरिएको दण्डहीनता अन्त्य गर्ने प्रतिबद्धतालाई पालना गर्न पनि आग्रह गर्दछौँ। सरकारले एउटा स्पष्ट असंदेहयुक्त विज्ञप्ति जारी गरेर लामो समयदेखि प्रतीक्षा गरिएको बेपत्ता आयोग तथा सत्य निरूपण तथा मेलमिलाप आयोगहरूले मानव अधिकार हननका आरोपीहरूका विरुद्धमा हुने फौजदारी अभियोजन र सजायलाई प्रतिस्थापन गर्न सक्दैनन् भन्ने प्रष्ट पार्न जरूरी भएको छ।

अन्त्यमा हामी तपाईँसँग पीडितका परिवार, पीडित व्यक्ति तथा मानवअधिकारकर्मीहरूलाई कुनै पनि प्रकारका धम्की दिइने कार्य सरकारलाई कुनै पनि हालतमा सह्य हुनेछैन भन्ने प्रभावकारी सार्वजनिक सन्देश जारी गर्न पनि अनुरोध गर्दछौँ।

हामीले उल्लेख गरेका विषयमा ध्यान पुऱ्याइदिनु भएकोमा यहाँलाई धन्यवाद छ।

भवदीय

साम जरिफी, एसिया प्रशान्त निर्देशक,
एमनेस्टी इन्टरन्यशनल

ब्राड आडम्स, एसिया डिभिजन
ह्युमन राइट्स वाच

फ्रेडेरिक रावस्की,

नेपाल प्रतिनिधि, इन्टरन्याशनल कमिशन अफ ज्युरिस्टस्